*टर्की डायरी*

# इस्तान्बुलमा ओबामासम्बन्धी अन्तरंग

- किशोर श्रेष्ठ

हामी इस्लामावादबाट तीन घन्टा ढिलो उडी दिउँसो इस्तान्बुल पुग्दासम्म पनि जिम्बाबेका जोन गाम्बाग्ना अतातुर्क एयरपोर्टमा ओर्लिएका थिएनन् । एउटा सामान्य निम्ताको भरमा राजधानी हरारेबाट विना भीसा उडेका उनलाई यसै कारण टर्किस एयरलाइन्सले कायरोमा रोकेको रहेछ । असंलग्न राष्ट्रहरुको शिखर सम्मेलनमा भाग लिन विभिन्न देशबाट राष्ट्र र सरकार प्रमुखहरु ओइरिँदै गरेका कारण इजिप्टको सुरक्षाव्यवस्था अरु दिनभन्दा कडा थियो । त्यसैको घानमा परेका थिए उनी । पछि, विश्व प्रेस काउन्सिलको हेडक्वार्टरबाट इजिप्टमा फ्याक्समार्फत अनुरोध गरिएपछि बल्ल टर्किस विमान सेवाले आफ्नो अर्को उडानबाट उनलाई मध्यराति इस्तान्बुल ओराल्न मन्जुर गर्‍यो ।

उसो त, टर्की पनि सुरक्षाका दृष्टिले निक्कै संवेदनशील मानिन्छ । एक त युरोप र एसियामाझ पर्ने, अमेरिकाको राम्रो पकड रहेको र अवैध आप्रवासीको बढोत्तरीको डर, अर्को त्यहाँको माओवादी विद्रोही समूह ‘पिकेके’ ले बेला बेला बेलायतलगायत विभिन्न देशका कूटनीतिक नियोगमाथि बीच शहरमै धावा बोलिदिने गरेका कारण विशेष सुरक्षा नीति लागु गरिएको छ । जिम्बाबेका अतिवादी मार्क्सवादी रोबर्ट मुगाबेको सरकारले गाम्बाग्नाको पत्रिकालाई प्रतिबन्ध मात्रै लगाएको छैन, उनलाई दुईचोटी पक्राउ गरी जेलमा समेत कोचिदिएको छ । उनी त्यस्तो असुरक्षा छिचोलेर टर्की आइरहेका थिए ।

बंगलादेशी प्रतिनिधि मोइनुद्दिन क्वाद्रे चौधरी पनि टर्की आइपुग्दा सद्दे हालतमा थिएनन् । बहराइन हुँदै ढाकाबाटै ह्विल चेयरमा आइपुगेका उनको एकचोटी मुटुको शल्यक्रिया गरिसकेको कारण राम्रोसित बोल्ने हालत थिएन । त्यसैले साँझ यिल्दिस प्यालेस गार्डेनमा आयोजित स्वागत समारोहमा भाग लिन पाएनन् । उनी हामीलाई राखिएको सेराटन मस्लाक होटलमै आराम गरेर बसिरहे । आगमनको दिन हामीसँगै रात्रिभोज खाएर फर्किएका विश्व प्रेस काउन्सिलका अध्यक्ष ओक्ते एक्सीको घाँटीमा माछाको काँडा अड्किएको कारण उनलाई रातको ३ बजे अस्पताल पुर्‍याउनुपर्‍यो । उता, साइप्रसबाट आएका पर्यवेक्षक मेसुभ गुन्सोभका छोरा त्यसै साँझ विष पिएका कारण उनी पनि अस्पतालतिरै लागे । भोलिपल्ट त पूर्वनिर्धारित कार्यक्रमअनुसार बोगाजिसी ( बोस्फोरस) युनिभर्सिटीको अल्बर्ट लङ्ग हलमा कार्यक्रम सुरु भइहाल्यो ।

यसअघि सन् २००७ को मे महिनामा केन्याको राजधानी नैरोबीमा विश्व प्रेस काउन्सिलको सम्मेलन भएको थियो । त्यसमा नर्वेली र स्वीडिस प्रतिनिधि पनि उपस्थित थिए । तर, त्यहाँबाट फर्केदेखि उनीहरु बेखबर छन् । विश्व प्रेस काउन्सिलमा एसियाबाट भारत, नेपाल र बंगलादेश मात्र सहभागी छन् । कम्युनिष्टहरुको लहर चलेको ल्याटिन अमेरिकी र स्क्यान्डिनेभिएन राष्ट्रहरु काउन्सिलमा सम्मिलित छैनन् ।

अमेरिकाको होनोलुलुबाट आएका क्रिस कोनिबियर विश्व प्रेस काउन्सिलका महासचिव हुन् । नोभेम्बर, २००४ को बागामोयो बैठक (दारेसलाम, सुडान) बाट पहिलोचोटी महासचिव चुनिएका उनी सम्मेलनको सुरुमै अबको महासचिव अफ्रिकालाई दिनुपर्छ भन्दै थिए । तर, महासचिव दिने भनिएको अफ्रिकाले अन्तिममा उपाध्यक्ष पायो । सधैं हाँसिरहने र हँसाइरहने तान्जानियाका काजुबी मुगाजांगाले उक्त पद भेट्टाए । नैरोवी सम्मेलनमै यसपाला अध्यक्ष छाड्छु भनेका ८० वर्षीय ओक्तेले आफ्नो बचन पूरा गरे, र कोषाध्यक्षमा झरे ।

विश्व प्रेस काउन्सिलको सम्मेलन आयोजना गर्ने भनी साइप्रसले २००६, अर्थात तीन वर्षदेखि निरन्तर ढाँटिरहेको थियो । जब काउन्सिलको आगामी बैठक अक्टोबर, २०१० मा नेपालमा गर्ने

प्रस्ताव त्यहाँ सुनाइयो, तब तालिको गड्गडाहटले हल गुन्जायमान भयो । यसपछि अबको दुई वर्षका लागि हाम्रै छिमेकी भारतले अध्यक्ष पायो । र, उक्त पदमा चुनिए- भारतीय सर्वोच्च अदालतका पूर्वन्यायाधीश जेएन राय ।

टर्कीमा चारवटा पत्रिका निक्कै चर्चित छन् । ती हुन्- हुर्रियत, सबाह, जम्हुरियत र मिल्लियत । यसअघि सन् २००६ मा पनि टर्कीले नै विश्व प्रेस काउन्सिल सम्मेलनको आयोजना गरेको थियो । सन् २००७ मा केन्यामा बैठक बस्यो भने २००८ मा जिम्बाबेमा गर्ने योजना थियो । केन्याले त आयोजना गऱ्यो, तर जिम्बाबेको राजनीतिक परिवर्तनका कारण त्यहाँ सम्मेलन सम्भव भएन । नेपालसहित स्वाजिल्याण्ड र जिम्बाबेले सँगै, अर्थात् सन् २००६ मा विश्व प्रेस काउन्सिलमा प्रवेश पाएका हुन् ।

महासचिव क्रिस ११ वर्ष पहिले आफ्नी पत्नी क्याथरिनसँगै अन्नपूर्ण संरक्षणक्षेत्रको पदयात्राका क्रममा नेपाल आइसकेका रहेछन् ।

अमेरिकाको हवाईमा सन् १९७० मा अमेरिकी प्रेस काउन्सिलको स्थापना भएको हो । त्यसबाहेक संयुक्त राज्यअन्तर्गत मिनेसोटा, वासिंगटन र हवाइमा तीनवटा न्युज र मिडिया काउन्सिलको स्थापना भएको छ । अहिले न्युइङ्ल्याण्ड र क्यालिफोर्निया राज्यमा पनि स्थापनाको प्रयत्न भइरहेको छ ।

अत्याचारी प्रेस कानुनमा जेलिएको देशका साथीहरु पनि टर्कीमा भेला भएका थिए । अजरबैजान र जिम्बाबेमा पत्रकारलाई जेल हाल्नु कुनै ठूलो कुरा हैन । केन्यामा सन् २००८ बाट कडा प्रेस कानुन ल्याएर मिडियालाई ठेगान लगाइएको छ । टर्कीमा प्रेसका लागि कडा कर कानुनको व्यवस्था छ भने शाहीकालमा हामीकहाँ शासक आत्तिएर एफएममा गिट्टेनजर लाएजस्तो त्यहाँ पनि एफएमहरु बन्द गराइएका छन् । उता, पत्रकार विस्थापनको नमुना रहेछ मालावी । अरु त अरु, स्रोत बताउन नमान्दा जेल हाल्ने धम्की अमेरिकी पत्रकारहरुले नै झेलिरहेका छन् ।

विश्व प्रेस काउन्सिल, अर्थात् संसारभरका प्रेसको पीरमर्कामा बोल्ने निकाय भएर पनि आर्थिक रुपमा यो गरिब छ । टर्कीमा मुख्यालय रहेको यसको बैंक खाता सन् २००६ सम्म शून्यको अवस्थामा थियो । गएको ९ जुलाईसम्ममा १७६५ अमेरिकी डलर यसको खातामा मौज्दात रहेकोमा नेपालले समेत शुल्क बुझाएपछि अहिले यसको जम्मा पुँजी २८ सय ६५ पुगेको हो । अजरबैजानमा उनीहरुको आफ्नै प्रेस काउन्सिलको स्थापना १५ मार्च २००३ मा भएको छ । त्यसबेला यो १५ सदस्यीय स्वरुपमा थियो । यसमा अहिले उजुरीको संख्या दुई सय ४७ रहेको छ । त्यसमा विभिन्न कर्मचारी, व्यवसायी, राजनीतिक संगठन र स्वयं त्यसका नेताहरुले प्रेसले गरेको अत्याचारका विषयमा विविध उजुरी दर्ता गराएका छन् ।

अचम्मको कुरा त के पाइयो भने, हालः संयुक्त राज्य अमेरिकाको राष्ट्रपति रहेका बाराक ओबामा कुनै बेला कम्युनिष्ट रहेछन् । विश्व प्रेस काउन्सिलका महासचिव क्रिसकै गृहराज्य अर्थात्, हवाईबाट ओबामा पहिला सिनेटर थिए । ओबामाका राजनीतिक गुरु हुन्, पत्रकार तथा कवि फ्र्यांक मार्शल डेभिस । राष्ट्रपति निर्वाचनताका विवाद पनि भयो, ओबामा कुनै बेलाका कम्युनिष्ट हुन् भन्ने विषयलाई लिएर । वास्तवमा ओबामा कम्युनिष्ट थिए कि थिएनन् भन्ने कुरा पत्ता लगाउन एउटा छानविन समिति बनेको थियो । त्यसमा खटिएका व्यक्तिमध्येका एक थिए, हाम्रै महासचिव क्रिस । त्यो समितिले ओबामा कुनै बेला कम्युनिष्ट नै थिए भन्ने कुरा पत्ता लगाएको थियो ।

विश्व प्रेस काउन्सिलका सदस्य राष्ट्रका प्रेसको अवस्था हेरिकन हामीले धेरै कुरामा सन्तुष्टि लिने ठाउँ भेटिन्छ । जस्तो कि, जिम्बाबेमा सन् २००७ को जुनमा मात्र पत्रकार युनियन, मिडिया मनिटरिङ प्रोजेक्ट र दक्षिण अफ्रिकी मिडिया इन्स्टिच्युट (एमआइएसए) को एलायन्समा स्वयंसेवी मिडिया काउन्सिल बनेको हो । स्वतः चलायमान हुने यो काउन्सिलमा सय सदस्य छन् । त्यसबाहेक प्रिन्ट, ब्रोडकास्टिङ, विज्ञापन र जनसम्पर्क क्षेत्रबाट १४ सदस्य रहेका छन् । त्यसमा पत्रकार, नागरिक समाज र चर्चका प्रतिनिधि पनि रहने व्यवस्था छ । अध्यक्षचाहिँ वकिल मुचादेयी मासुन्डा हुन् । उपाध्यक्ष रहेका ओस्कर वेर्मटर क्याथोलिक धर्मगुरु हुन् । तर, त्यसमा सरकारी

सञ्चारमाध्यमको सहभागिता छैन । गएको जनवरी यता जम्मा तीन उजुरी परेका रहेछन्, जसमध्ये एकको मात्रै छिनोफानो भएको छ ।

भारतको प्रेस काउन्सिल २८ सदस्यीय छ । त्यसको अध्यक्ष बंगलादेशमा झैं सर्वोच्च अदालतका अवकाशप्राप्त न्यायाधीश रहने व्यवस्था छ । यसले आचारसंहिता उल्लंघनसम्बन्धी सुनाएको फैसलाउपर कुनै अदालतमा प्रश्न उठाउन नपाइने व्यवस्था छ । २००७ को अप्रिल १ देखि यसवर्षको ३२ मार्चभित्र भारतीय प्रेस काउन्सिलमा जम्मा १४ सय चार उजुरी परेका रहेछन् । प्रेस स्वतन्त्रता उल्लंघन गरेको भन्दै भारतका तीन सय पाँच प्रेसले विभिन्न सरकारी निकायविरुद्ध उजुरी दायर गरेका छन् भने विभिन्न सरकारी निकायले विभिन्न प्रेसका विरुद्ध काउन्सिलमा एक हजार ९९ उजुरी दायर गरेका छन् । भारतीय प्रेसको चहलपहल अरु बेलाभन्दा बढी चुनावका बेला हुन्छ । चुनाव प्रचारका दौरान विभिन्न राजनीतिक दल र उम्मेदवारले भारतीय अखबारहरुमा प्रायोजित रुपमा आफ्ना पक्षका सामग्री (Paid News) प्रकाशमा ल्याउने गरेका छन् ।

उता, बंगलादेशमा 'मिडिया टेरोरिज्म', अर्थात् सञ्चारमा माफिया आतंकको विषयमा छानविन गर्न पत्रकारहरुबाटै माग भइरहेको छ । विश्व प्रेस काउन्सिलको यसपालाको सम्मेलनमा नेपालले आफ्नो काम, कर्तव्य, अधिकार र सिंगो राष्ट्रको सञ्चारस्थितिबारे सात पृष्ठको रिपोर्ट पेश गरेको छ ।

गर्वलायक अर्को कुरा के भने, सञ्चारको क्षेत्रमा अधिकारसम्पन्न, सक्रिय र जिम्मेवार नेपालजत्तिको अरु कमै पाइए । सञ्चार क्षेत्रको प्रबर्द्धन, पत्रकार कल्याणकोषको परिचालन, आचारसंहिता अनुगमन र अखबारको वर्गीकरणजस्ता धेरैभन्दा धेरै काममा नेपाल प्रेस काउन्सिलको संलग्ताबारे जानकारी पाउँदा अचम्म नमान्ने नगन्यमात्र देखिए । रक्तपातपूर्ण १० वर्षे जनयुद्धबाट गणतन्त्रमा शान्तिपूर्ण रुपान्तरण कसरी सम्भव हुनसक्यो ? हामीसँग अधिकांशको जिज्ञासा यस्तै थियो ।

पाकिस्तानी सैनिक शासक परवेज मुसर्रफले समेत एक जमानामा सैनिक तालिम लिएको टर्कीमा सूचना प्रविधिको भारी विकासका बाबजुद पनि व्यवसायिक प्रेस अझै मजबुत हुन सकिरहेको छैन । त्यहाँ धार्मिकस्रोतबाट पछिल्ला दिनमा मिडियामा पैसाको खोलो बगाइएको छ । विगत दुई वर्षमा टर्कीको एकेपी सरकार मिडियाप्रति असहिष्णु बन्दो छ । प्रधानमन्त्री रिसेप तायिम एर्दोगानद्वारा विरोधी अखबार बहिस्कार गर्न निर्देशन जारी भएको छ । शाहीकालमा नेपालमा अखबारविरुद्ध मानहानीमा पाँच लाख दण्ड तिराउने उर्दीजस्तै टर्कीमा ढिलो कर तिरेमा पाँच सय मिलियन डलर डाँड्ने कानुन थोपरिएको छ । यसविरुद्धको रिट अदालतमा विचाराधिन छ ।

यस पटकको विश्व प्रेस काउन्सिलको सम्मेलनमा स्वाजिल्याण्ड, जाम्बिया, मलावी र युगान्डाको सहभागिता भएन । त्यसबाहेक इजिप्ट, मलेसिया, नाइजेरिया, श्रीलंका र क्यानाडा पनि देखिएनन् । उनीहरुले सन् २००१ को ढाका सम्मेलनमा सक्रिय सहभागिता जनाएका थिए ।

सम्मेलनले अब संयुक्त राष्ट्रसंघसित कुनै न कुनै रुपको सामिप्यता बढाउने, हरेक तीन तीन महिनामा कार्यकारी सदस्यहरुबीच प्रत्यक्ष संवादको सिष्टम बसाउने, सञ्चारजगतमाथिको बढ्दो हस्तक्षेप एवं आक्रमणबारे तत्काल अन्तर्राष्ट्रिय तवरमा आवाज उठाउने निर्णय गरेको छ । सदस्यता विस्तारका निम्ति आ-आफ्नै पहुँचको प्रयोग गर्नेसक्ने अधिकार पनि पदाधिकारीहरुले पाएका छन् ।

जुलाई ७ तारिखका दिन टर्की पुग्दा एउटा रमाइलो के पाइयो भने नेपाल र टर्कीका कतिपय भाषामा समानता रहेछ । उनीहरुको भाषाको मूलस्रोत उर्दु हो, जसरी हामीले प्रयोग गर्ने कतिपय शब्द उर्दु आयातित छ । जस्तो, टर्किस र हामीबीच मिल्ने केही शब्द यस्ता छन्- किताब, कलम, दुनियाँ, हावा, हिसाब, कानुन, साबुन, शैतान, ऐना, डिपो, तराजु, खर्बुजा, सब्जी, ताजा, पुलाउ, प्याज, रक्सी, बाबा, काजी, अनार (नार) ।